**बुटवल उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बुटवल, रुपन्देही**

## पसले भवनका सटरहरु भाडामा दिने आय ठेक्का सम्बन्धी बोलपत्र आव्हानको सूचना

दोस्रो पटक सूचना प्रकाशित मिति २०८०/०८/१०

बुटवल उपमहानगरपालिकाको स्वामित्वमा रहेका वडा नं. ५ स्थित अमरपथ सपिङ्ग कम्प्लेक्स (पुरानो बुटवल फाईनान्स भवन), वडा नं. ५ स्थित हाटबजार सपिङ्ग कम्प्लेक्स भवनको माथिल्लो तल्ला र वडा नं. २ स्थित उजिर सिंह मा.वि. सपिङ्ग कम्प्लेक्समा रहेका देहाय बमोजिमका सटरकोठाहरु हाल जे-जस्तो अवस्थामा छ सोही अवस्थामा ५ वर्ष अवधिका लागि बहाल बन्दोवस्त गर्न आवश्यक भएकोले दोस्रो पटक यो सूचना प्रकाशित गरिएको छ । उपर्युक्त पसले भवनहरुका सटरकोठाहरु बहालमा लिन इच्छुक नेपाल सरकारवाट ईजाजत प्राप्त फर्म/कम्पनी/वित्तिय संस्था/सहकारीहरु र व्यक्तिहरुले तोकिएका शर्त, नियम तथा प्रावधानहरुको परिधि भित्र रही रित पूर्वकको सिलवन्दी बोलपत्र पेश गर्न सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. यो सूचना प्रकाशित भएको मिति देखी २०८०।०८।२४ गते सम्म कार्यालय समय भित्र ईच्छुक फर्म/कम्पनी/वित्तिय संस्था/सहकारीहरु र व्यक्तिहरुले क्रमशः फर्म दर्ता/नवीकरणको प्रतिलिपि, आ.व.०७९/०८० को कर चुक्ताको प्रतिलिपि र नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, सहित निवेदन र तपसिल बमोजिमको रकम (फिर्ता नहुने) बुझाई बुटवल उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयको राजश्व शाखाबाट बोलपत्र फारम खरिद गर्न सकिनेछ ।

२. बोलपत्र फारमलाई सिलबन्दी गरी बाहिर खाममा आय ठेक्का न ०२/०८०/०८१, सपिङ्ग कम्प्लेक्सको नाम र सटर नं. उल्लेख गरी मिति २०८०।०८।२५ गते दिनको १२.०० बजे भित्र बुटवल उप महानगरपालिकामा शिलबन्दी बोलपत्र फारम दाखिला गर्न सकिनेछ । साथै दर्ता हुन आएका बोलपत्रहरु सोही दिन दिनको २.०० बजे बु.उ.म.न.पा. कार्यालयमा खोलिनेछ । बोलपत्र दाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

३. बोलपत्र खरिद गर्ने अन्तिम दिन, दाखिला गर्ने तथा खोल्ने अन्तिम दिन बिदा परेमा त्यसपछि कार्यालय खुलेको दिन खरिद गर्ने र सोको भोली पल्ट दाखिला गर्ने तथा खोल्ने कार्य हुनेछ ।

४. बहाल सम्झौता अवधी ५ वर्षको हुनेछ र दोस्रो बर्ष देखी प्रत्येक वर्ष ५ प्रतिशतका दरले बहाल बृद्धि हुदै जानेछ । सम्झौता अवधी समाप्त भए पछि पुनः प्रतिस्पर्धात्मक प्रकृयाबाट बहाल बन्दोबस्त गरिने छ ।

५. बोलपत्रदाताले बोलपत्रका साथ तपशिलमा उल्लेखित धरौटी रकम बु.उ.म.न.पा.का. को नाममा रा.वा. बैंक खस्यौली शाखामा रहेको धरौटी खाता नं. ३१२०१००३०३००००२ मा जम्मा गरेको सक्कलै बैंक भौचर, नगद वा सो रकम बराबरको बोलपत्र दाखिला गर्ने अन्तिम मितिले कम्तीमा ९० दिन सम्म म्याद भएको बु.उ.म.न.पा.का. को नाममा जारी गरिएको बैंक जमानी पत्र (बिड बण्ड) पेश गर्नु पर्नेछ ।

६. तोकिएको प्रक्रिया पुरा गरेका सबैभन्दा बढी रकम कबोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गरिनेछ ।

७. बोलपत्र स्वीकृत भए पछि कबोल गरेको बहाल रकमको ५ बर्षको कुल बहाल रकमको ५ प्रतिशतले हुने धरौटी रकम बु.उ.म.न.पा.का. को नाममा रा.वा. बैंक खस्यौली शाखामा रहेको धरौटी खाता नं. ३१२०१००३०३००००२ मा जम्मा गरेको सक्कल बैंक भौचर र पहिलो महिनाको मासिक बहाल रकम, मासिक बहाल कबोल अंकको ६ महिना (सम्झौताको अन्तिम बर्षको) बराबरले हुने रकम सम्झौता गर्दाका बखत जम्मा गर्नु पर्ने छ । उक्त ६ महिना बराबरको अग्रिम रकम बहाल सम्झौताको अन्तिम वर्षको मासिक वहालमा कट्टा गरिनेछ ।

८. बोलपत्र स्वीकृत भएको जानकारी पाएको मितिले ७ दिन भित्र धरौटी र ६ महिना बराबरको एकमुष्ट रकम वा नगरपालिकाको बैंक खातामा जम्मा गरेको भौचर सहित बहाल सम्झौता गर्न नआएमा बोलपत्र साथ पेश गरेको धरौटी जफत गरी नियमानुसारको प्रक्रिया अगाडी बढाईनेछ ।

९. मासिक बहाल रकम भुक्तानी गर्दा प्रत्येक महिना अग्रिम रुपमा बुझाउनु पर्नेछ । बहाल रकम तोकिएको समयमा नबुझाएमा बार्षिक १० प्रतिशतका दरले दैनिक रुपमा हिसाव गरी बिलम्ब शुल्क लाग्नेछ ।

१०. मासिक बहाल रकम बुझाउन एक महिना भन्दा बढी ढिला गरेमा सटर कोठा खाली गराउन पत्राचार गरिनेछ । त्यसरी पत्राचार भएको मितिले ७ दिन भित्र सटर/कोठा खाली नगरेमा कार्यालयले जुनसुकै बेला सटर कोठा बन्द (सिल) गर्न सक्नेछ । त्यसरी सिल गरेको सात दिन भित्र सटर/कोठा भित्र रहेका सामानहरुको मुचुल्का गरी तत्कालै जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम वढावढ गरी असुल गर्न पर्ने रकम अपुग भएमा सरकारी बांकी सरह असुल उपर गर्ने र असुल गर्नु पर्ने भन्दा बढी भए बढी भएको रकम फिर्ता गरिनेछ ।

मित्रमणी खनाल
नि. प्रमुख प्रशासकीय अधिकृत

११. एक बर्षको बहाल रकम श्रावण महिना भित्र एकमुष्ट रुपमा बुझाउनेलाई १ बर्षको बुझाउने बहाल रकमको १० प्रतिशत छुट दिईनेछ ।

१२. आफुले लिएको सटर कोठामा प्रचलित कानुन बमोजिम निषेधित बस्तु तथा सेवा बिकी बितरण वा गतिविधि गर्न पाईने छैन ।

१३. पानी र बिद्युत महशुल खपतको आधारमा मासिक रुपमा सब मिटरमा उठेको अंकको कार्यालयले तोकेको प्रति यूनिटका दरमा बहालमा लिनेले नगरकार्यपालिका कार्यालयमा बुझाउनु पर्नेछ ।

१४. हाल बुटवल उपमहानगरपालिकालाई बुझाउनु पर्ने सटर बहाल नबुझाई बक्यौता राख्ने व्यक्ति/फर्म वा कम्पनीले बोलपत्र खरिद वा दाखिला गर्न पाइने छैन । त्यसरी दाखिला भएको बोलपत्र मूल्यांकनमा समावेश गरिने छैन ।

१५. बोलपत्र आव्हान गरिएका बहाल प्रयोजनका सटर/कोठाहरुमा धारापानी तथा पानी निकासको ब्यवस्था नभएको हुंदा बहालमा लिनेले होटल, रेष्टुरेण्ट तथा चिया पसल प्रकृतीका कुनैपनी ब्यवसाय गर्न पाईने छैन तथा कोठा पार्टेशन गरी तेस्रो पक्षलाई बहालमा दिन पाईने छैन । सम्झौता विपरित यस्तो कार्य गरेको पाईएमा बहाल सम्झौता रद्ध गरिनेछ ।

१६. अन्य शर्त र प्रावधानहरुको विस्तृत विवरण बोलपत्र फाराममा उल्लेख गरिएको छ । थप जानकारीका लागि बुटवल उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयको प्राकृतिक श्रोत तथा सम्पत्ति ब्यवस्थापन/राजश्व प्रशासन शाखामा सम्पर्क गर्न सकिनेछ ।

१७. कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार बुटवल उपमहानगरपालिकामा सुरक्षित रहनेछ ।

१८. अन्य कुराहरु स्थानीय सरकार सञ्चालन ऐन, बुटवल उपमहानगरपालिकाको आय ठेक्का नियमावली २०७६ र प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

## सटरहरुको विवरण

| आय ठेक्का नं. | सपिङ्ग कम्प्लेक्सको नाम | सटर नं. | न्युनतम बहाल अंक (मासिक) | वोलपत्र फाराम दस्तुर (फिर्ता नहुने) | बोलपत्र साथ जम्मा गर्नु पर्ने न्युनतम धरौटी रकम |
|---|---|---|---|---|---|
| २/२०८०/०८१ | अमरपथ सपिङ्ग कम्प्लेक्स | ४०९ | १८०००.०० | १०००.०० | ५९६७६.०० |
| | | ४१० | १८०००.०० | १०००.०० | ५९६७६.०० |
| | हाटबजार सपिङ्ग कम्प्लेक्स माथिल्लो तल्ला | १० | १००००.०० | १०००.०० | ३३१५४.०० |
| | | १२ | १००००.०० | १०००.०० | ३३१५४.०० |
| | | १३ | १००००.०० | १०००.०० | ३३१५४.०० |
| | | २२ | १००००.०० | १०००.०० | ३३१५४.०० |
| | | २४ | १००००.०० | १०००.०० | ३३१५४.०० |
| | | २५ | १००००.०० | १०००.०० | ३३१५४.०० |
| | | २६ | १००००.०० | १०००.०० | ३३१५४.०० |
| | उजिर सिंह मा.वि. सपिङ्ग कम्प्लेक्स | १ | १५०००.०० | १०००.०० | ४९७३१.०० |
| | | ५ | १५०००.०० | १०००.०० | ४९७३१.०० |

मित्रमणी [illegible]
नि. प्रमुख प्रशासकीय अधिकृत